# सुरक्षित वैदेशिक रोजगारीका तीन चरण

AMNESTY INTERNATIONAL

**के तपाईं वैदेशिक रोजगारीमा जाने योजना गर्दै हुनुहुन्छ ? वा विदेशमा कार्यरत हुनुहुन्छ ? वैदेशिक रोजगारीमा पठाउने कम्पनीले उत्पन्न गराएको समस्याका कारण तपाईं फर्कनु भएको पनि हुन सक्नुहुन्छ । यी मध्ये जुनसुकै अवस्थामा हुनुहुन्छ भने पनि यस पुस्तिकाले तपाईंलाई आवश्यक पर्ने सहयोग कसरी प्राप्त हुन्छ भन्ने विषयमा जानकारी दिलाउनेछ ।**

# १ वैदेशिक रोजगारीमा जानु अगाडि

# ऋण

कुनै साहुले कसैलाई ऋण दिन्छ भने उसले दिने ऋणमा १० प्रतिशत भन्दा बढी ब्याज लिनु कानुन विपरित हो । बैंकहरुले भने बढीमा १४ प्रतिशत सम्म बार्षिक ब्याज लिन सक्नेछन् ।

# शुल्क

रोजगारीमा पठाउने कम्पनीले  विभिन्न देशका लागि बढीमा निम्न अनुसार शुल्क लगाउन सक्छन् ।

- लिबिया : रु. ९०, ०००
- मलेसिया : रु. ८०, ०००
- खाडी राष्ट्रहरु : रु. ७०,०००
- इजरायलः युएस डलर ९१५ π रु. ६०,०००

⊘ यदि तपाईंसँग तोकिएको भन्दा बढी शुल्क लिइन्छ भने के गर्न सकिन्छ भन्ने जानकारीकालागि पेज ९ हेर्नुहोस् ।

# रसिद

वैदेशिक रोजगार कम्पनीलाई तपाईंले जे जति रकम तिर्नुहुन्छ, त्यसको रसिद दिइनु पर्दछ । तपाईंले तिर्नुभएको कुल रकम कुन कुन शीर्षकका लागि कति कति हो भनी स्पष्ट खुलाएर रसिद माग्नुहोस् ताकि तपाईंलाई थाहा हुनेछ के के का लागि तपाईंले कति कति रकम तिर्नुभएको छ । त्यस्तो रसिदमा कम्तीमा पनि कम्पनी / एजेन्टको नाम तपाईंले तिर्नुभएको रकम र मिति उल्लेख भएको हुनु पर्दछ । यसको फोटोकपी पनि गर्नुहोस् र त्यसलाई सुरक्षित तवरले राख्नुहोस् । कुनै रकम दावी गर्नु परेमा पछि तपाईंलाई यो रसिद आवश्यक पर्न सक्दछ ।

# करार/सम्झौतापत्र

**तपाईसँग** गरिएको सम्झौतापत्र (करार) लाई नेपाली भाषामा अनुवाद गरी तपाईंलाई दिइएको हुनुपर्छ।

**तपाईंसँग** गरिएको सम्झौतापत्रमा उल्लेख भएका कुराहरु तपाईंले बुझ्न र तपाईं सहमत हुन जरुरी छ। यो तपाईंको रोजगारदातासँग तपाईंले जनाएको सहमतिको प्रमाण पनि हो।

**तपाईलाई** एक भन्दा बढी करारपत्र दिइनु हुदैन। यदी एकभन्दा बढी करारपत्र दिइएको छ भने तपाईंलाई ती मध्येको सबैभन्दा कम तलब भएको र कम आकर्षक काममा लगाइने सम्भावना हुनेछ।

# तलब

निम्न देशहरुमा न्युनतम मासिक तलब निम्नानुसार पाउनुहुनेछ (यो तलबदर २०१२ मार्च मा यो पुस्तिका छपाउँदाको हो । यो दररेट परिवर्तन भएको हुन सक्छ, जसको जानकारी बैदेशिक रोजगार विभागबाट प्राप्त गर्न सकिन्छ । विभागको सम्पर्क ठेगाना तल दिईएको छ

- खाडी राष्ट्रहरु (कतार बाहेक) : रु. ९,९००
- इजरायल : कुनै सीमा तोकिएको छैन

- लिबिया : खाना आवास सहित रु.१३,९०० /खाना आवास वाहेक रु. १९,८००
- मलेसिया : रु. ९,९००
- कतार : कतार रियाल ६०० (रु. १३,०००)

⊘ यदि तपाईंलाई माथि उल्लेख गरिएको भन्दा कम तलव दिइयो भने के गर्न सकिन्छ भन्ने जानकारीका लागि पेज ९ हेर्नुहोला ।

# महिला

**वैदेशिक** रोजगारीमा जानका लागि महिलाहरुलाई कुनै रोकतोक छैन ।

महिलाहरुले वैदेशिक रोजगारीमा जानका लागि श्रीमान / परिवारका अन्य सदस्यहरुबाट स्वीकृति लिनै पर्ने कानुनी व्यवस्था छैन ।

२

# विदेशमा रहँदा

# परिचयात्मक कागजात

तपाईलाई आफ्नो पासपोर्ट, परिचय पत्रहरु, वीमापत्र लगायतका अन्य कागजपत्रहरु आफैसंग राख्ने अधिकार छ । त्यस्ता कागजपत्रहरु तुरुन्त फोटोकपी गरेर सुरक्षित ठाउँमा राख्नुहोस् । तपाईं काम गर्न गएको देशमा पुग्ने बित्तिकै ती सबै कागजात रोजगारदाताले नियन्त्रणमा लिने सम्भावना छ । यदि तपाईंको रोजगारदाता/एजेन्टले लिएको तपाईंको पासपोर्ट वा अन्य कागजात तपाईंलाई फिर्ता दिन अस्वीकार गर्दछ भने नजीकमा रहेको नेपाली दुतावास वा सहयोगी संघसंस्था/ट्रेड युनियनसँग सम्पर्क गर्नुभएमा उनीहरुले तपाईंको मद्दत गर्न सक्नेछन् ।

# काममा समस्या परेर घर फर्कनु परेमा

⊘ तपाईंको सम्झौतापत्रमा उल्लेख गरिएको भन्दा फरक अवस्थामा वा कम तलबमा वा वाचा गरिएको भन्दा फरक काममा लगाईएका कारण तपाई घर फर्कनु पर्‍यो भने हवाई भाडा लगायत फर्कदा लागेको तपाईंको सम्पूर्ण खर्च तपाईंलाई रोजगारीमा पठाउने एजेन्सीले व्यहोर्नु पर्नेछ । यदि तपाईको सम्पर्क एजेन्टसँग मात्र छ भने जानु अघि नै तपाईंलाई पठाउने कम्पनीको नाम, ठेगाना पत्ता लगाउनु आवश्यक हुन्छ । तर तपाई वैदेशिक रोजगार कम्पनी मार्फत जानु भएको छैन र केवल एजेन्टको मात्र भरमा विदेशमा जान लाग्नु भएको छ भने एजेन्टले तपाईंलाई क्षतिपूर्ति

नदिन सक्दछ । यदि तपाईंलाई रोजगारीमा पठाउने कम्पनीले तपाईंलाई मद्दत गरेन भने नजिकको नेपाली दुतावासमा सम्पर्क गर्नुहोस् ।

⊘ यदि तपाईंलाई तपाईंको रोजगारदाताले ज्यादती (शारीरिक र शाब्दिक) गर्दछ वा जोखिमपूर्ण अवस्थामा काममा लगाउँदछ र त्यसैको कारणले तपाईं सो काम छोड्न चाहनुहुन्छ भने तल उल्लेख गरिएका कुनै पनि संघ संस्था वा नेपाली दुतावासमा सम्पर्क गर्न सक्नुहुनेछ ।

# आकस्मिक अवस्था परेमा

यदि तपाईं रोजगारीका लागि जानुभएको  देशमा युद्ध, महामारी वा प्राकृतिक विपत्ती परेमा नेपाल सरकारले तपाईं कार्यरत रहेको ठाउँको नजिकमा पर्ने नेपाली दुतावास मार्फत् स्वदेश फर्काउने व्यवस्था मिलाउनेछ ।

# ३ फर्किएपछि

# करारनामामा समस्या

निम्नानुसारको अवस्था तपाईले भोग्नु परेको छ भने तपाईंलाई वैदेशिक रोजगारीमा पठाउने कम्पनीले क्षतिपूर्ति वा तिर्नुभएको रकम फिर्ता गर्नु पर्नेछ ।

- रोजगारदाता कम्पनीले नेपाल सरकारले तोकेको भन्दा बढी शुल्क लिएमा
- करारपत्रमा उल्लेख गरिएको भन्दा फरक काम गराएमा
- तलव नदिएमा वा करारपत्रमा उल्लेख गरिएको भन्दा कम तलव दिएमा वा नेपाल सरकारले तोकेको पेज ५ मा उल्लेख गरिएको न्यूनतम भन्दा कम तलव दिइएमा
- बिना तलव ओभरटाइममा काम लगाएमा

सम्झनुहोला, यस्तो अवस्थामा क्षतिपूर्ति वा रकम फिर्ता पाउनका लागि तपाईंले आवश्यक प्रमाणहरु (जस्तैः करारपत्रको फोटोकपी, पेस्लीप, काम गरेको ठाउँको फोटो आदि) पेश गर्नु पर्ने हुन्छ ।

⊘ **यदि तपाईंलाई रोजगारीमा पठाउने कम्पनीले आवश्यक क्षतिपूर्ति उपलब्ध गराउँदैन भने** वैदेशिक रोजगार विभागमा उजुरी दिन सक्नुहुनेछ । तपाईको उजुरीउपर छानवीन हुनेछ । त्यो उजुरी वैदेशिक रोजगार न्यायाधीकरणमा जान्छ कि जादैन भन्ने बारेमा अन्तिम निर्णयको लागि जिल्ला सरकारी वकिलको कार्यालयमा पठाइन्छ । न्यायाधीकरण अदालत हो र यसले तपाईको उजुरीको विषयमा फैसला गर्दछ ।

# चोटपटक र उद्धार

यदि तपाई कामको क्रममा घाइते हुनुभएको छ वा अंगभंग भएको छ भने वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड मार्फत कल्याणकारी कोषबाट क्षतिपूर्ति (रु. १,५०,००० सम्म) का लागि निवेदन दिन सक्नु हुनेछ । यसका लागि तपाईंले निम्न कुरामा ध्यान दिनु पर्दछ ।

- **त्यस्तो** क्षतिपूर्तिको माग तपाईं स्वदेश फर्केको ६ महिना भित्र गरिसक्नु पर्नेछ ।
- **क्षतिपूर्तिको** माग गर्दा अस्पतालमा उपचार गराएको कागजात र तपाईंको करारपत्रको फोटोकपी पेश गर्नु पर्नेछ ।

यदि कामकै अवस्थामा कथंकदाचित तपाईंको मृत्यु भएमा तपाईको परिवारका सदस्यले वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड (कल्याणकारी कोष) बाट रु. १,५०,००० सम्म र बीमाबाट रु. ५,००,००० सम्म प्राप्त गर्न निवेदन दिन सक्नुहुनेछ । यसको लागि तपाईको परिवारका सदस्यले

- मृत्युप्रमाणपत्र पेश गर्नु पर्दछ
- मृत्यु भएको एक वर्षभित्र कल्याणकारी कोषको रकम दावी गरिसक्नु पर्नेछ ।

तपाईले के कस्तो क्षतिपूर्ति दावी गर्न सक्नु हुन्छ भन्ने विषयमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड वा तपाईको बीमा कम्पनीसँग सम्पर्क गर्नुहोला ।

# केही उपयोगी सम्पर्कहरु

# नेपालमा

## वैदेशिक रोजगार विभाग
तीनकुने, काठमाण्डौं
फोन न : ०१ ४४६१२९९
इमेल : info@dofe.gov.np

## वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड (कल्याणकारी कोष)
अनामनगर, काठमाण्डौं
फोन नं : ०१ ४१०२७११

## नेपाल ट्रेड युनियन महासंघ (जीफन्ट)
परराष्ट्र मामिला बिभाग
पो. ब. : १०६५२, मनमोहन लेबर बिल्डिङ
पुतलीसडक, काठमाण्डौं ।
फोन न : ०१ ४१६८००० एक्टेन्सन. ३०६
इमेल : dfa@gefont.org
वेबसाइट : www.gefont.org

# महिलाहरुसंग कार्यरत संस्था

## पौरखी

घर नं : २६, धारापाटी, मखमलीमार्ग,
वडा नं : ३, महाराजगञ्ज, चक्रपथ,
काठमाण्डौं ।
फोन नं : ०१ ४३७३९१०/२०८१६४४
हट्लाईन नं : ९८४९१३५२०६
इमेल : pourakhi@mail.com.np
वेबसाइट : www.pourakhi.org.np

## महिला पुनर्स्थापना केन्द्र (ओरेक)

बालकुमारी, ललितपुर, पो. ब. :
१३२३३
फोन नं : ०१ ५००६३७३/५००६३७४
इमेल : ics@worecnepal.org
वेबसाइट : www.worecnepal.org

**शक्ति समूह**
गौरीघाट-कुमारीगाल, काठमाण्डौं,
नेपाल
फोन नं : ०१ ४४८५२३८/
०१६२१२१६८
इमेल : samuha@wlink.com.np
shaktisamuha.nepal@gmail.com
वेबसाइट :
www.shaktisamuha.org.np

# विदेशमा

## नेपाली दुतावास र कन्सुलेटहरु

### इजरायल
2 Kaufman St.,
Tel Aviv 68012
Tel: +972 3 51 00 111

### कुवेत
Villa No. 184, Street No. 804,
Block No. 8, Al Zahra Area,
South Surra
Tel: +965 25243257 / 54

### लेवनान
Badaro Street-Nadim Comair Bldg,
Beirut
Tel: +961 1 386 690 / 691

### मलेसिया
Suite 13A.01, 13th A Floor,
Wisma MCA,
163 Jalan Ampang,
50450 Kuala Lumpur
Tel: +60 3 2164 9653 / 6851

## कतार

Abu Hamoour (Musaimeer Area), Building No. 32,
Rawdat Al Debdeba
Street No. 490,
Zone: 56, Doha
Tel: +974 4467 5681/3

## साउदी अरेबिया

Al Urubah Street (Near Sulymanieh Hotel,
Al-Jouf Road),
Riyadh 11693
Tel: +966 1 4611108

## युएई

Villa # 52 (A), E-4/02,
Madinat Zayed,
Muroor Road (Behind Etihad Airways Building),
Abu Dhabi
Tel: +971 26344767

# गैरसरकारी संस्था तथा ट्रेड युनियनहरु:

## बहराइन

**Migrant Workers Protection Society**
P.O. Box 5561, Flat No. 2, Ground Floor, Building 647, Road 3625, Adliya, Area 326
Tel: +973 17827895

## इजरायल

**Kav La'Oved**
Nachalat Binyamin 75, 4th Floor, Tel Aviv-Jaffa
Tel: +972 3 6883766
Reception hours for care-givers: Sun 9:00-15:00; Mon 16:00-19:00; Thu 9:00-15:00.
For agricultural workers: Wed 9:00-14:00.
For offices in Jerusalem and Haifa, please visit www.kavlaoved.org.il

## कुवेत

**Kuwait Trade Union Federation**
Salmiya – Block 11 (Maidan Hawally) Abdullah Al-Faraj Street, P.O. Box 5185, Safat 13052
Tel: +965 256 36389 / 16745

## मलेसिया

**CARAM Asia**
Wisma Hamid Arshat, No. 12 - 5 Jalan Bangsar Utama 9, Bangsar Utama, 59000 Kuala Lumpur.
Tel: +603 2282 7708 / 1669

**Malaysian Trades Union Congress** (MTUC)
Wisma MTUC, 10-5 Jalan USJ 9/5T, 47620 Subang Jaya, Selangor.
Tel: +60 19 3409041 / +60 12 3303385

**Tenaganita**
38 Jalan Gasing, 46000 Petaling Jaya, Selangor.
Tel: +60 3 7770 3691
Email: enquiry@tenaganita.net

# चेकलिस्ट

- ☑ तपाईंले तिर्नुभएको सबै रकमको रसिदहरु सुरक्षितसँग राख्नुहोस्
- ☑ तपाईंको सम्झौतापत्र र त्यसको फोटोकपि सुरक्षित गर्नुहोस्
- ☑ पासपोर्टको फोटोकपि गरी त्यसलाई सुरक्षितसँग राख्नुहोस्
- ☑ विमा सम्बन्धी कागजपत्रहरु सुरक्षितसँग राख्नुहोस्
- ☑ तपाईंलाई तलब दिंदाको पेस्लिप सुरक्षितसँग राख्नुहोस्
- ☑ तपाईंले स्वास्थ्य उपचार गराउँदाको सबै प्रकारका कागजपत्र सुरक्षितसँग राख्नुहोस्
- ☑ यो पुस्तिकालाई सुरक्षितसँग राख्नुहोस्, यसमा महत्वपूर्ण जानकारीहरु समेटिएका छन्

# Amnesty International Nepal

P.O. Box 135 Basanta Nagar (Amnesty Road)
Balaju Kathmandu NP
Tel: + 977-1-436 4706
Email: info@amnestynepal.org
एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टीमार्ग, वसन्तनगर
पो.ब.नं. १३५, बालाजु, काठमाडौं ।
फोन नं. ०१-४३६४७०६ / ०१-४३६५४३१
इमेल : info@amnestynepal.org